म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२७ सोमबार २५ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 10 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आँखा शिविरमा १ सय ३० जनाले लिए सेवा

हेटौंडा, २४ असार/हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ चौघडामा रहेको दिव्यनगर टोल विकास संस्थाले आयोजना गरेको १ दिने आँखा शिविरमा १ सय भन्दा बढीले सेवा लिएका छन् । हेटौंडामा रहेको सफल फार्मेसी एण्ड आई क्लिनिकको प्राविधिक सहयोगमा भएको शिविरमा ९० जना महिला ४० जना पुरुष गरी १ सय ३० जनाले सेवा लिएका हुन् । शिविरमा १३ जनामा मोतीया विन्दुको रोग देखापरेको थियो । शिविरमा वरिष्ठ नेत्र अधिकृत डा. दमन अधिकारीले आँखा जाँच गरेका थिए । शिविरको उदघाट्न गर्दै हेटौडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालले आँखा शिविरको लागि वडा कार्यालयले सहयोग गर्ने बताउदै सामाजिक उत्तरदायित्व अन्तरगत दिव्यनगर टोल विकास संस्थाले उदाहरणीय काम गरेको बताए । टोल विकास संस्थाका अध्यक्ष दीपक ढकालको अध्यक्षतामा भएको आँखा शिविरमा वडासदस्य लेखराज ढकाल, विजय पौडेल, मुना विक, रानी सामुदायिक वनका सदस्य सूर्यप्रसाद दुलाल, सञ्चारकर्मी भीमसेन पोडेल लगायतको उपस्थिति रहेको थियो ।

### २५ मिटर भत्काउने बहस:

# दलहरुको निर्णयमा लचकता

साझाकुरा संवाददता

हेटौंडा, २४ असार/ हेटौंडाको मुख्य सडकको दायाँबायाँ २५ मिटर क्षेत्र खाली गरी सडक फराकिलो बनाउने कार्यमा दलहरुले लचकतापूर्ण निर्णय गरेका छन् । सडक फराकिलो पनि बनाउने र घर तथा जगाको षतिपूर्ति पनि उपलब्ध गराउनु पर्ने निर्णय भएको हो ।

सर्बोच्च अदालतको फैसला, नेपाल सरकारको ऐनकानूनको परिधिभित्र रहेर घर धनीलाई उचित क्षतिपूर्ति दिलाउन पहल गर्ने र मुख्य सडक आसपासका ब्यवसायीको ब्यवस्थापन पनि गर्नु पर्ने दलहरुले निर्णय गरेका छन् ।

सार्वजनिक सडक ऐन २०३१ बन्नुपूर्व हेटौंडा बजार क्षेत्रमा बनेका घरको मुआब्जा नदिएसम्म सडक बिस्तार गर्न नदिने मकवापुर उद्योग वाणिज्य संघले दाबी गर्दै आएको छ । संघअन्तरगतको हेटौंडा बसोबास संरक्षण समितिसहितको एकसूत्रीय माग पनि घर तथा जमीनको उचित क्षतिपूर्ति नै हो ।

मकवानपुरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरुले आइतबार नेपाली कांग्रेस नगर समन्वय समितिको समन्वयमा सर्बदलीय छलफल आयोजना भएको थियो । नेका नगरसभापति उत्सव ईटेनीको सभाध्यक्षतामा भएको छलफलमा नेकपा एमालेका जिल्ला अध्यक्ष एबम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलान, उपाध्यक्ष सानुकाजी लुईंटेल, हेटौडा नगरउपप्रमुख राजेश बानियाँ, नेका जिल्ला सभापति बुद्ध लामाको सहभागिता रहेको थियो ।

त्यसैगरी रास्वपा जिल्ला सभापति भरत पराजुली, बरिष्ठ उपसभापति सागर थापा, नेकपा एसका बिष्णुप्रसाद दाहाल, ध्रुबबहादुर भुजेल, नेकपा माओवादीका तीर्थबहादुर थापा, नेकपा एमाले नगर अध्यष शालिकराम पुडासैनी, जसपाका दीपक सिंतान, योगबहादुर ब्लोन, राप्रपाका बिशाल भण्डारी, ऋतु कार्की, हेटौंडा नगरका प्रवक्ता सबिन न्यौपानेलगायतको सहभागिता रहेको थियो ।



पूर्वपश्चिम राजमार्ग बन्नुअघि नै २०११ सालदेखि बसोबास गर्दै आएको हेटौंडा नगरमा स्थानीय सरकार (नगरपालिका) ले एकीकृत सम्पत्ति कर, ब्यवसाय कर, बिज्ञापन कर लगायतका कर तथा राजश्व लिइरहेको छ । आफूसँग जग्गाधनी प्रमाण पूर्जा, नगर पालिकाको भवन निर्माण इजाजतपत्र, ब्यवसाय दर्ता प्रमाणपत्रलगायतका सरकारी कागजात साथमै रहेको अवस्थामा पनि डिभिजन सडक कार्यालयले अतिक्रमण गरी निर्माण गरेको भनेर गतल प्रचार गर्दा आफूहरुलाई दुख लागेको ब्यवसायीहरुले बताएका छन् ।

२५ मिटरभित्रका घर जग्गाको लालपूर्जा व्यक्तिकै नाममा रहेको छ । राज्यलाई हालसम्म नियमानुसार मालपोत, बिभिन्न कर तिर्दै आएको, मालपोत कार्यालयबाट खरीदबिक्री हुँदै आएकोले निजी सम्पत्ति राज्यले लिनुपर्दा क्षतिपूर्ति वा मुआब्जा दिनुपर्ने हेटौडा बसोबास संरक्षण समितिका अध्यक्ष एबम् मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताएका छन् ।

अग्रवालले सार्वजनिक बक्तब्यमार्फत् ब्यक्तिको निजी सम्पत्तीमा सरकारले कब्जा गर्ने शैलीमा अगाडि बढेको खण्डमा आन्दोलन गरिने बताएका छन् । संघका अध्यक्ष अग्रवालले एक हजार सात सय ७२ घरधनी प्रत्यक्ष प्रभाबित हुने, करिब एक सय ५० परिवार घरबारबिहिन (बिस्थापित) हुने, झण्डै चार हजार ब्यवसायी प्रभाबित हुने बताएका छन् । हेटौंडा बजार क्षेत्रका करिब तीन सय घरधनीले घर भत्काउने बिगतको सूचनाको बिरोधमा सर्बोच्च अदालतमा बिभिन्न मितिमा मुद्दा दायर गरेका छन् । त्यसमध्य ४८ जनाको निबेदनको मात्र फैसला आएको बताइएको छ ।

लामो समयदेखि अनिर्णयको शिकार भएको हेटौंडा बजार क्षेत्रका भवन भत्कने सम्भावना बढ्दै गएपछि ब्यवसायीको चिन्ता बढेको छ । हेटौंडा बजार क्षेत्रको सडक विस्तारको विषयले हेटौंडा पुन: तातिएको छ । केहीवर्ष अघिमात्र करोडौं रुपैयाँमा किनबेच भएका घर भत्कने भएपछि घर धनीको चिन्ता बढेको हो । गत असार १० गते डिभिजन सडक कार्यालय हेटौंडाले ३५ दिने सूचना जारी गरेपछि सडक विस्तारको विषयलाई पक्ष र विपक्षमा तीब्र बहस सुरु भएको छ ।

डिभिजन सडक कार्यालयले यो पटक हेटौंडाका साउन १६ सम्ममा आफूहरुको सूचनालाई वेवास्ता गरिए अतिक्रमित घर टहरा कानुनी तबरबाट हटाइने बताएको छ । राज्यले पीडितलाई मुआब्जा र कुनै क्षतिपूर्ति नदिई घर भत्काउन खोजे प्रतिकार हुने ब्यवसायीले चेतावनी दिइरहेका छन् । बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले आफूहरु सडक विस्तारको पक्षमा रहेको तर, राज्यले उचित क्षतिपुर्ति र मुआब्जा दिनुपर्ने, बाइपास सडक निर्माण गरेर हेटौंडालाई सडकको बीचबाट दाँयाबाँया १६-१६ मिटर सडक फराकिलो बनाउन सकिने बताएका छन् ।

डकको दायाँबायाँ २५ मिटर क्षेत्रमा बनेका घरटहरा भत्काउने डिभिजन सडकको सूचनाको बिषयमा मउवासंघले शनिबार रोयल पार्टी प्यालेसमा छलफल गरेको थियो । संघले मुआब्जा दिएर मात्र भत्काउन दिने वा हेटौंडा सहरलाई बाइपास गरी सडकको नक्सांकन नै परिबर्तन गर्न सरकारसमक्ष आग्रह गर्ने जस्ता विकल्पमा जान आग्रह गरिरहेको छ ।


## Join IT Career in HCC

**Admission Open**

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



**Bachelor Program**

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

Congratulations to all the students who have passed SEE! Your hard work and dedication have paid off.

**YOU CAN NOW MOVE ON TO THE NEXT STAGE OF YOUR ACADEMIC JOURNEY WITH HSM**



**ADMISSIONS OPEN FOR**

+2

- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
- BEAUTICIAN & HAIR DRESSER

For inquiry: 9855074222

ENROLL NOW

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# पालुङ-आग्रा मनसुन पदयात्रा

थाहा नगरपालिकामा पर्यटनको प्रचुर सम्भावना रहेको छ । पर्यापर्यटनका लागि थाहा नगरले थोरै व्यवस्थापन गर्दा पनि धेरै उपलब्धी लिन सक्छ । पर्यटन प्रवर्द्धनका लागि पालुङ-आग्रा मनसुन पदयात्रा सम्पन्न भएको छ । पदयात्रामा काठमाडौंका ४० जना र थाहानगरका २० जना गरी ६० जनाको सहभागिता रहेको थियो । यो पदयात्रा उत्साहजनक भएको बताइएको छ । खुल्ला आकास कतैकतै बादलका फुर्काहरु, तल देखिने हरियाली फाँट र जंगल, जंगलमा चिरबिर चराचुरुङ्गीका आवाज, शितल मनोरम बातावरणमा पदयात्रा गर्दा निकै रमाइलो अनुभव भएको पदयात्राको सहभागीले बताएका छन् । प्राकृतिक सौन्दर्यसहित यो पदमार्ग क्षेत्रका धार्मिकपदयात्रा गर्दा अत्यन्तै रमाइलो भएको बताइएको छ । एकपटक पैदलयात्राको लागि यो मार्ग छुटाउनै नहुने सहभागीहरुले बताएका छन् । करिब ४ घण्टाको पैदलयात्रामा प्राकृतिक सौन्दर्यतासँगको सामिप्यता, जैबिकबिविधताको अध्ययन, भौगोलक बिविधताको अध्ययन, यहाँको सांस्कृतिक अध्ययन गर्न सकिने सहभागीले बताए ।

थाहा अन्दोलनका प्रणेता रुपचन्द्र बिष्टको शालिकस्थल विकास घर प्राङ्गणबाट सुरु भएको पदयात्रा थाहा-३ को गोरखनाथधाम, पाण्डुकेश्वर मन्दिर, थाहा-३ मा रहेको भकारी ढुंगा, केशरी भञ्ज्याङ, थाहा-७ को मान्द्रो गुफा, उनिउचौर हुँदै थाहा-७ डाँडाबासमा पुगेर समापन भएको थियो । पदयात्रीलाई गोरखनाथधाम ब्यवस्थापन समिति, थाहा नगरपालिका वडा नं. २, ३, ७ कार्यालय, पाण्डुकेश्वर क्षेत्र विकास समितिले स्वागत गरेको थियो । ढ्याङग्रो बाजा सहित उनिउचौरमा र डाँडाबासमा हिमशिखर बचत तथा ऋण सहकारी संस्थाले बिशेष स्वागत गरेका थिए । थाहानगरले पर्यटन प्रबर्द्धन गर्ने प्रयास भने जारी राखेको छ । नगरस्तरीय पर्यटन विकास बोर्ड गठन गरी पर्यटनको विकासमा जोड दिएको छ । चन्द्रागिरी-दामन-सीमभन्ज्याङ ट्रेकिङ ट्रेल र साइकल रुट निर्माणको काम प्रारम्भ भइसकेको जनाइएको छ । दामन क्षेत्रमा सार्वजनिक जग्गा पहिचान गरी पर्वतीय सम्मेलन केन्द्र निर्माणको काम सुरु गर्नुको साथै ऋषेश्वर, गोरखनाथ, इन्द्रायणी, पाण्डुकेश्वर, कुटेश्वरी, बज्रवाराही, नन्दीकेश्वर, उन्मत्तेश्वर, चम्पकेश्वर, स्वच्छन्दभैरव, गालवेश्वर मन्दिर, गौखुरेश्वर, सीतापाइला, झम्केश्वरी, बागेश्वरी, मनकामना, सेतिगणेशलगायत अन्य धार्मिक क्षेत्रलाई धार्मिक पर्यटनको रुपमा भौतिक पूर्वाधार निर्माण गर्दै लगिने नगरले सार्वजनिक गरेको नीति कार्यक्रममा उल्लेख छ । मूलाबारी चौरलाई राष्ट्रिय बिभूति पार्क र कोटथुम्कीलाई पर्यटन प्रर्वद्धन गर्न डिपीआर तयार भैसकेको र पूर्वाधार निर्माणको कार्यसमेत थालनी गरिएको छ । दामन पिकनिक स्पट, डाँडाबासको स्मारक पार्क पिकनिक स्पट, बाराही डाँडा पिकिनिक स्पटको स्तरोन्नति सुरु भएको छ । सार्वजनिक जग्गाहरुको पहिचान गरी पर्यटन व्यवसाय संचालन गर्न जग्गा माग भएमा नगर सभाबाट निर्णय गराई जग्गा भाडामा उपलब्ध गराउन सम्बन्धित निकायमा पहल गरिने नीति नगरपालिकाले लिएको छ । नगरका विभिन्न संभाव्यस्थानमा बञ्जिजम्प, प्यारागलाइडिङ, रकक्लाइमिङ, जिपलाइन जस्ता सहासिक पर्यटन व्यवसाय संचालन गर्न चाहने व्यवसायीलाई स्वीकृति दिइने भएको छ ।

पर्यटकलाई सहज ढंगबाट थाहा नगरमा आवागमनको लागि चित्लाङ चन्द्रागिरी सडक र कुन्छाल कुलेखानी सडकको स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्य सुरु भएको छ । त्रिभूवनराजपथको मर्मत संभार गरिने, पर्यटकलाई गाइड गर्न पर्यटक गाइडको तालिम संचालन गरिने, पर्यटकलाई थाहानगर घुमफिर गराउनको लागि ट्राभल एजेन्सीलाई आकर्षित गराउन ट्राभल एजेन्सीको सम्मेलन गराइने, र पर्यटकका लागि स्थानीय तथा घरेलु उत्पादन बिक्रीवितरणको लागि कोसेलीघरको निर्माण गरिने भएको छ । मुख्य मुख्य पर्यटकीय क्षेत्रमा थप सुरक्षाको व्यवस्था मिलाउन नगरप्रहरीको व्यवस्था गरिने भएको छ । पर्यटकलाई मुख्य-मुख्य भ्यू प्वाइन्टमा बिश्रामस्थल सहितको पूर्वाधार निर्माण कार्य अगाडि बढाइने भएको छ । थाहानगरमा एग्रोटुरिजम विकास गर्ने उद्देश्यसहित कार्यक्रम अघि बढाइने भएको छ । वडा नम्वर ८ को सप्तकन्या गुफा, हाँडी दह, बाथानचुलीको भग्नावशेष दरबार, वडा नम्वर ११ को नर्बे ढुङ्गाको प्रचारप्रसार तथा विकास गरिने भएको छ । महांकाल, लालीगुराँस र सुनगाभा पैदलमार्गलाई प्रवर्द्धन गरिने र पर्यटन प्रवर्धनका लागि मूर्तिकला, हस्तकलामा आधारित कार्यसंचालन गर्ने नीति नगरपालिकाले लिएको छ । अशोककालीन चैत्य, लक्ष्मीप्रसाद चौतारो, लिच्छवीकालीन शिलालेख ऐतिहासिक दरबार, गुम्बा र मठमन्दिर संरक्षण तथा प्रवर्द्धन गरिने भएको छ । संभावित पर्यटकीयस्थल पहिचान गरी त्यस्ता क्षेत्रको विकास गर्न निजी क्षेत्रलाई लिजमा दिइने नीति पनि नगरपालिकाको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २६ गते मंगलबार ११ जुलाई २०२३ । नवमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०१ । विश्व जनसंख्या दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मिहिनेतको फल मिल्नेछ | तुला | : घाउचोट लाग्न सक्नेछ |
| वृष | : स्वास्थ्यमा खराबी आउनेछ | वृश्चिक | : जग्गा जमिनबाट लाभ हुनेछ |
| मिथुन | : शुभ कामको संकेत मिल्नेछ | धनु | : सोचेभन्दा बढी खर्च हुनेछ |
| कर्कट | : शरीरमा केही आलस्य हुनेछ | मकर | : मित्रतामा कमी आउनेछ |
| सिंह | : सफलता मिल्न गाह्रो छ | कुम्भ | : कामको जिम्मेवारी बढ्नेछ |
| कन्या | : यात्राबाट नोक्सान हुनेछ | मीन | : मनोरञ्जन प्राप्त हुनेछ |

# ‘सभ्यता-संघर्ष’ को भ्रम र अंशियारी-‘इतिहास’को पीडा



डम्बर खतिवडा



यो वर्षको मे २८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ संसद भवनको उद्घाटन गरे । नयाँ संसद भवनको उद्घाटन प्रधानमन्त्रीबाट हैन, राष्ट्रपतिबाट हुनुपर्दछ भन्ने त्यहाँका विपक्षी दलहरूको माग थियो । प्रधानमन्त्री मोदी छोटो समयमा नयाँ संसद भवनको निर्माण कार्य सम्पन्न गर्नुलाई आफ्नो कार्यकालको एक उल्लेखनीय उपलब्धिका रूपमा दर्ज गर्न चाहन्थे ।

तसर्थ उनले उद्घाटनको अवसर राष्ट्रपतिलाई दिन चाहेनन् । भलै कि राष्ट्रपति द्रौपदी मुर्मू स्वयं भाजपाको सिफारिसमा राष्ट्रपति उम्मेदवार बनिन् र विजयी पनि भइन् । फलत: १८ विपक्षी दलहरूले नयाँ संसद भवनको उद्घाटन समारोह नै बहिष्कार गरे ।

कुनै पनि लोकतान्त्रिक मुलुकमा संसद भवन जस्तो ‘लोकतन्त्रको मन्दिर’ को उद्घाटन हुँदा संसदमा सहकार्य र प्रतिस्पर्धा गर्नुपर्ने दल र सांसदहरूले नै बहिष्कार गर्नु सुखद् कुरा हैन । तर, त्यस्तै भयो । भारतीय संसद भवनको उद्घाटनसँगै थप दुई वटा विवाद चर्को रूपमा जोडिएर आए । संसद भवनमा राखिएको राजदण्ड (सेंगोल) र अशोकाकालीन भित्तेचित्र (म्युरल) ।

राजदण्ड दक्षिणको चोल साम्राज्यबाट लिइएको थियो र भित्तेचित्र उत्तरको मगध साम्राज्यबाट । तर, यी दुवै ‘सिम्बोल’ सँग जोडिएको राजनीतिक अर्थ र विवाद भने फरक थिए । राजदण्ड सामान्यत: राजतन्त्रको प्रतीक हो । यो समग्र सभ्यताको प्रतीक हैन । राजतन्त्रात्मक मुलुकका राजसभामा वा स्वयं राजसभमा उपस्थित राजाको हातमा, संवैधानिक राजतन्त्र भए राजा पनि संसदभित्र छन् भन्ने मानार्थ प्रतीकका रूपमा संसद भवनमा राजदण्ड राख्ने प्रचलन हुन्छ । मोदीले संसद भवनभित्र चोल साम्राज्यकालीन संगोल किन र कुन अर्थमा राख्न चाहेका हुन् भन्ने बहस त्यहाँ थियो । ‘स्वतन्त्र भारत’ मा यस्तो प्रचलन थिएन ।

मगध साम्राज्य सबैभन्दा धेरै फैलिएको मौर्यवंशीय सम्राट अशोककालीन भित्तेचित्र नयाँ संसद भवनभित्र राखेर मोदीले भारतभित्र मात्र हैन, छिमेकी देशहरूमा समेत अनावश्यक तरंग पैदा गरिदिए । इतिहास र सम्पदाको सम्मान गरिनुहुँदैन भन्ने हैन तर, त्यसको यथोचित स्थान संसद भवन हो कि हैन भन्ने प्रश्न उठ्छ नै । संसद भवन आधुनिक भारतको सर्वोच्च राजनीतिक संस्था हो ।

त्यस्तो चित्र कुनै म्युजियमका राखिएको, विश्वविद्यालयका पुस्तकालयमा राखिएको वा कक्षाकोठामा पठाइएको भए शायद कुनै विवाद हुने थिएन । भारतका लागि मात्र हैन, सबैका लागि ऐतिहासिक सामग्री राख्न योग्य स्थान संग्रहालय, पुरातत्व विभाग, विश्वविद्यालय वा पुस्तकालय नै हुन् ।

संसद भवनमा त्यस्ता चित्र वा नक्सा राखिंदा त्यसको राजनीतिक अर्थ लाग्दछ । यति सामान्य कुरा प्रधानमन्त्री मोदी, उनको दल भाजपा वा भारतीय प्रशासकहरूले अवश्य बुझेका होलान् । कि नबुझेको हुनु पर्‍यो कि बुझेर बुझपचाएको हुनुपर्‍यो । बुझी-बुझी गरिएको हो भने त्यसको सरल अर्थ हो- त्यो नियत नै हो ।

भाजपाको राजनीतिक उद्देश्य ‘अखण्ड भारत’ नै हो भन्ने कुरामा कुनै शंका छैन पनि । सन् १९१५ को अप्रिलमा हरिद्वारमा अखिल भारतीय हिन्दु महासभा गठनको घोषणा गर्दा यसका संस्थापक विनायक दामोदर दास सावरकरले यो कुरा कतै लुकाएका थिएनन् । सावरकरको राजनीतिक विश्वास नै त्यही थियो कि राष्ट्रियताको जन्म भाषा, धर्म र संस्कृतिबाट हुन्छ । हिन्दु, हिन्दी र हिन्दुत्व हिन्दुस्तानी राष्ट्रियताका आधारशिला हुन् ।

त्यसको ठीक १०० वर्षपछि त्यही विचारको दल सन् २०१४ मा प्रचण्ड बहुमत सहित भारतको सत्तामा आउला भन्ने कमैले कल्पना गरेका थिए । यो एक शताब्दीभित्र यस विचारधाराको विकास, फैलावट र अनुमोदन भने सहजै भएको थिएन । सन् १९२५ मा केशव बलिराम हेड्गेवारले नागपुरमा राष्ट्रिय स्वयंसेवक संघ बनाए । यही संघले यसका सिद्धान्तकार एमएस गोल्वालकरको जन्म गरायो । उनको पुस्तिका ‘विचार पुन्ज’ मा पनि यो आन्दोलनको उद्देश्य कतै लुकाइएको छैन ।

गुरु गोल्वालकरको सहयोग र आशीर्वाद लिएर सन् १९५१ मा श्यामसुन्दर मुखर्जीले भारतीय जनसंघ बनाए । संविधानको धारा-३७० र कश्मिरी स्वायत्तताको विरोध गर्न श्रीनगर पुग्दा पुलिस कस्टडीमा उनको निधन भयो । ठीक त्यही कुरा करिब ७० वर्षपछि सन् २०१९ को अगस्ट ५ मा मोदीले भारतको संसदबाटै पारित गरिदिए । यसले के पुष्टि गर्दछ भने भाजपा आन्दोलनको सोच र मुद्दामा ‘कठोर निरन्तरता’ छ ।

सावरकर युगमा होस् वा गोल्वालकर ! हेड्गेबार युगमा होस् वा आड्वानी, मुखर्जी युगमा होस् वा मोदी यो विचार र आन्दोलनको आफ्नै ढाँचा छ । अटलबिहारी बाजपेयी नेतृत्व कालमा यो आन्दोलन तुलनात्मक रूपमा नरम र उदारवादी थियो भनिन्छ । यद्यपि त्यो उनको वैयक्तिक चरित्र र तत्कालीन शक्ति सन्तुलनको विशिष्टता हुन सक्दछ ।

तसर्थ मोदीले नयाँ संसद भवनमा अशोकाकालीन भित्तेचित्र राख्दा आफ्नो आन्दोलन, विचार र पार्टीको यो इतिहासलाई बिर्सेका थिए भन्न सकिंदैन । यदि त्यसो हो भने मोदीका विदेशमन्त्री एस. जयशंकरले स्पष्टीकरण दिए जस्तो यो ‘सांस्कृतिक नक्सा’ मात्रै हुन सक्दैन । त्यो भित्तेचित्र भाजपा महत्वाकांक्षाको ‘आदर्शचित्र’ हुन सक्दछ, त्यो भनेको नि:सन्देह ‘अखण्ड भारत’ हो ।

वामपन्थी र उग्रराष्ट्रवादीहरूको कुरा एकक्षणपछि गरौंला- पहिले यस सन्दर्भमा नेपालका दक्षिणपन्थीहरूको कुरा गरौं । नेपालका दक्षिणपन्थीहरू पनि आफूलाई ‘हिन्दुत्वको राजनीति’ गर्ने दल वा शक्ति ठान्दछन् । उनीहरूको मुख्य राजनीतिक मुद्दा नै ‘हिन्दु राष्ट्र र हिन्दु राजवंश’ को पुनर्स्थापना हो ।

त्यसका लागि उनीहरू भारतको आशीर्वाद लिन चाहन्छन् । विशेषत: भारतमा यूपीए गठबन्धन कमजोर भएर एनडीए गठबन्धन शक्तिशाली भएपछि आफ्नो मिसनलाई बल पुग्ला भन्ने उनीहरूको अपेक्षा हुन्छ । त्यसका लागि पूर्वराजा ज्ञानेन्द्र शाह कहिले कुम्भमेला पुगेका, कहिले उत्तरप्रदेशका मुख्यमन्त्री तथा भाजपाका शीर्षनेतामध्ये एक योगी आदित्यनाथलाई गुहारेका, कहिले भारतीय धर्मगुरुको चरण स्पर्श गरेका फोटो र भिडियो भाइरल भइरहेका हुन्छन् ।

भर्खरै भारतीय पत्रिका ‘द प्रिन्ट’मा अंग्रेजीमा एक लेख लेख्दै यस खेमाका ‘नयाँ जोगी’ रवीन्द्र मिश्रले कुस्त खरानी घसेका छन् । तर, उनीहरूले नबुझेको कुरा के हो भने ‘एक हिन्दु, हिन्दी, हिन्दुत्व र हिन्दुस्तान’ को सोच र नाराभित्र नेपालको प्रश्न र परिदृश्य फरक देखिन्छ । नेपाल र भारतको दक्षिणपन्थ वा राष्ट्रवादको उद्देश्य एउटै हैन र यी एकअर्काका सहयोगी पनि हुन सक्दैनन् । नेपालमा र ाजतन्त्रको पुनर्स्थापना र ‘अखण्ड भारतीय हिन्दु गणतन्त्र’ को सोच र उद्देश्य नै फरक हो ।

भाजपामा यतिखेर ‘क्षेत्री’ हरू भन्दा बढी ‘वैश्य’ शक्तिशाली छन् । अजयमोहन सिंह विष्ट र राजनाथ सिंहले चाहेर पनि त्यहाँ केही हुँदैन । सिन्धियाहरूले सक्थे त राणाशासन फिर्ता गराउँथे होला, शाह राजतन्त्र हैन । मोदी, शाह, नड्डाहरूको अगाडि यतिखेर सिंह, विष्ट र सिन्धियाहरू स्वयं नतमस्तक र चरणसमर्पित छन् ।

अब अलिकति वामपन्थीहरूको कुरा गरौं । खासमा केपी ओलीको एमाले र पुष्पकमल दाहालको माओवादी केन्द्र एउटै भारुन्डे चराका दुई टाउका मात्र हुन् भनेर बुझ्न नेपाली समाजले अझै ढिलो गरिरहेको छ । यी दुईलाई दुई भिन्न नेता र दुई भिन्न पार्टी ठानेर हामी हाम्रो राजनीतिक समझलाई आफैं धोका दिइरहेका छौं । नेपाली वामपन्थको साझा चरित्र हो- यसको आधारतत्वमै ‘भारतीय विस्तारवाद’ हुन्छ तर, आफ्नो राजनीतिक स्वार्थ र करिअरका खातिर भित्रभित्रै यो जुनकुनै बेला लम्पसार पर्न सक्दछ ।

ओलीका महाकाली सन्धिदेखि आजसम्मका यावत् अभिव्यक्ति र कर्मलाई एकठाउँमा ल्याउने हो भने त्यसको सहज संश्लेषण हुन्छ- ‘छट्टु लम्पसारवाद’ । भोटका लागि राष्ट्रवादको व्यापार, करिअरका लागि भित्रभित्रै सौदाबाजी र लम्पसार । प्रचण्डको ‘सुरुङयुद्ध’ देखि ‘कम्फर्टेबल सरकार’ हुँदै ‘प्रितम सिंहको दिल्ली दौड’ आइपुग्दा उनी ओलीभन्दा कहीं कतै भिन्न लाग्दैनन् ।

तसर्थ, उनले मोदीको म्युरलमाथि पाकिस्तान र बंगलादेश जतिको पनि प्रतिक्रिया गरेनन्, न कुनै स्पष्टीकरण जरूरी ठाने न त ‘कूटनीतिक नोट’ नै ! ज्ञानेन्द्र शाह, ओली र प्रचण्डलाई उछिन्दै राष्ट्रवादको नयाँ मसिहा अघि आए- बालेन्द्र शाह । काठमाडौंका मेयर बालेन शाहले महानगरपालिकाको कार्यकक्षमा ‘ग्रेटर नेपाल’ को नक्सा मात्र लगाएनन्, कुनै ‘सी ग्रेट’ हिन्दी सिनेमाको सस्तो र द्विअर्थी संवादलाई आधार बनाएर भारतीय सिनेमा प्रदर्शनमै रोक लगाउने धम्की दिए ।

शाहको चर्को राष्ट्रवादलाई शमन गर्न सिने उद्यमीहरू अदालतमै जानुपर्‍यो । अचेल बालेन शाहको राष्ट्रवाद कहाँ पुगेको छ वा के गर्दैछ, कुनै मध्यरात अर्को धमाकेदार ट्वीट वा स्टाटस आएपछि थाहा होला । कुनै समय प्रचण्ड-बाबुरामले ४० सूत्रीय माग शेरबहादुर देउवालाई बुझाउँदा एक बुँदामा सांस्कृतिक अतिक्रमण रोक्न भारतीय सिनेमाको प्रदर्शनमाथि रोक लगाउनुपर्ने भन्ने पनि थियो । प्रचण्ड देउवाको समर्थनमा प्रधानमन्त्रीको कुर्सीमा हुँदा यो माग त बालेन शाहले पो पूरा गरिदिए । बालेन शाहको ‘राष्ट्रवादको क्रेज’ ले यतिखेर भित्रभित्रै सबैभन्दा बढी कोही आहत छन् भने ज्ञानेन्द्र शाह, कमल थापा, राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्र, केपी शर्मा ओली र पुष्पकमल दाहाल होलान् । किनकि अरू त अरू बालेनले यी सबैलाई पनि ‘भारतको गुलाम’ घोषणा गरिदिए ।

उनले यसरी भनिदिए मानौं यो देशमा एउटा मात्र देशभक्त,राष्ट्रवादी र सार्वभौम मान्छे छ- बालेन शाह अरू त सबै ‘भारतका गुलाम’ हुन् ।फणिन्द्र नेपाल नामका एक नागरिक पनि छन् यो देशमा, जो दशकौंदेखि ‘ग्रेटर नेपाल’ को अभियान लिएर हिंडेका छन् । बालेन शाहको नक्सायुद्धपछि उनको आत्मा आहत छ कि आल्हादित भएको छ थाहा भएन । तर, ‘ग्रेटर नेपाल’ सम्बन्धी मिथलाई भने अलिकति केलाउनै पर्ने भएको छ ।

‘ग्रेटर नेपाल’ को अर्थ सन् १८१६ को सुगौली सन्धि अघिको राजनीतिक नक्सा होला । ‘ग्रेटर नेपाल’ को भूगोल अहिलेको नेपालको दोब्बरभन्दा धेरै थियो, जनसंख्या त तेब्बरभन्दा धेरै होला । ती भूभोग जहाँ अहिले अनुमानित ७ करोड बढी मानिस बस्छन्, त्यो नेपालको ३ करोडसँग मिसियो भने त्यसको राष्ट्रियताको चरित्र कस्तो बन्ला ? एकातिर यी राष्ट्रवादीहरूलाई राष्ट्रियताको अहिलेको चरित्र र रूपसँग विशेष मोह छ तर तिनले ‘भूगोल’ लाई मात्रै दाबी गर्दैछन् कि त्यहाँ मान्छे बसेका छन् भनेर पनि बुझेका छन् ? एकातिर यी ‘जनसांख्यिक परिवर्तन’ को होहल्ला गर्दछन्, जन्मसिद्धका सन्तानलाई नागरिकता दिन नपरे हुन्थ्यो जस्तो गर्दछन्, वैवाहिक अंगीकृतलाई कठोर बनाउन चाहन्छन्, अर्कोतिर ७ करोड बढी सोही प्रकृतिको जनसंख्या थपिने ‘ग्रेटर नेपाल’ को मिथमा राष्ट्रवाद देख्दछन्, योभन्दा ठूलो मूर्खता अरू के होला ?

जबसम्म ‘नक्कली र सस्तो राष्ट्रवाद’ चुनावी राजनीतिको मुख्य मुद्दा बनिर हन्छ, भोट बैंकको आधार बन्छ, तबसम्म देशले आर्थिक उन्नति गर्ने, समृद्धि हासिल गर्ने कुनै संभावना हुँदैन । अन्धराष्ट्रवादको एउटै परिणाम हुन्छ- गरिबी र गरिबीको गौरवीकरण । दरिद्रता र दरिद्रताको दर्शन । भूराजनीतिका विशिष्ट प्रश्नलाई अन्धराष्ट्रवादले अतिरञ्जित गर्दछ । र त्यो राज्य-राज्य बीचको सम्बन्धमा अविश्वासको कारण बन्न पुग्दछ ।

अन्तरनिर्भरता र भूमण्डलीकरणको युगमा कुनै पनि राज्यले एकल उन्नति गर्न सक्दैन । दुर्भाग्यको कुरा हो कि आज नेपाल र भारत दुवैतिर अन्धराष्ट्रवादीहरू हावी भएका छन् । यिनीहरूले मिथ र युटोपियालाई पक्रेर दुवै देशका जनतालाई अनावश्यक फेकबारको मनस्थितितिर उद्यत गर्दैछन् । र, यस्तो सस्तो राजनीति सजिलै बिक्नुको कारण हो- ‘सभ्यता संघर्ष’ -क्लास अफ सिभिलाइजेशन) को भ्रम र ‘अंशियारी-इतिहास’ (शेयर्ड हिस्ट्री) को पीडा ।

स्यामुअल हन्टिङ्टनले ‘सभ्यता-संघर्ष’ को कुरा गर्दा पश्चिमा मूल्य प्रणाली र बौद्धिक परम्परालाई समातेका थिए । उनीभन्दा अगाडि नै लुडविक फायरबाखले ‘धर्म-संघर्ष’ र कार्ल मार्क्सले ‘वर्ग-संघर्ष’ को कुरा गरिसकेका थिए । खासमा हन्टिङ्टनको ‘सभ्यता-संघर्ष’ फायरबाख र कार्ल मार्क्सकै सिद्धान्तको विनिर्माण थियो ।

> ‘एकातिर परिवर्तन’ को होहल्ला गर्दछन्, जन्मसिद्धका सन्तानलाई नागरिकता दिन नपरे हुन्थ्यो जस्तो गर्दछन्, वैवाहिक अंगीकृतलाई कठोर बनाउन चाहन्छन्, अर्कोतिर ७ करोड बढी सोही प्रकृतिको जनसंख्या थपिने ‘ग्रेटर नेपाल’ को मिथमा राष्ट्रवाद देख्दछन्, योभन्दा ठूलो मूर्खता अरू के होला ?

भाजपाई हिन्दुत्वको जगमा कहीं न कहीं यो चिन्तनको प्रभाव छ र त्यसका आधार पनि छन् । भारतमा चार पटक विदेशी आक्रमणकारीहरू आए । इसापूर्वमा मेसिडोनियाबाट सिकन्दर आए । मध्यकालमा तुर्क र मुगल आए । पछिल्लो चरणमा अंग्रेज आए । तसर्थ हिन्दु र स्थानीय जनजातीय समुदायलाई सभ्यता-संघर्षको भान वा प्रतीति हुनु अस्वाभाविक हैन ।

तर, नेपाल यस्तो परिबन्दमा कहिल्यै नपरेको देश हो । तसर्थ हाम्रो ‘अरियन्टेसन’ ‘सभ्यता-संघर्ष’ हैन, ‘सभ्यता-सामञ्जस्य’ हो । नेपाल हिन्दु, किराँत, बौद्ध, बोन र दर्जनौं प्रकृतिपूजक समुदायको साझा घर हो । साझा सभ्यता स्थल हो । प्राकृतिक तथा मौलिक तवर ले नै यहाँ ‘सभ्यता-संघर्ष’ अनावश्यक छ । यही कुरा बुझ्न नसक्दा नेपालमा संघीयता र पहिचानको आन्दोलन र मागको पनि यथोचित र न्यायपूर्ण सम्बोधन हुन सकेन ।

साझा सभ्यता स्थल मात्र हैन, नेपाल एक ‘शेयर्ड हिस्ट्री’ भएको देश पनि हो । पूर्वमा टिष्टा र अरुण बीचको लिम्बूवान आज मेची सिमाना लागेर दुईतिर बाँडिएको छ । पूर्व दक्षिणको कुचबिहार दुईतिर बाँडिएको छ । प्राचीनकालको मिथिला र मध्यकालको तिरहुत दुईतिर बाँडिएको छ । शाक्य कोलीय राज्यहरू दुईतिर बाँडिएका छन् । अवध दुईतिर बाँडिएको छ । खस साम्राज्य दुईतिर बाँडिएको छ । यी क्षेत्रको प्राचीन तथा मध्यकालीन इतिहास भारत र नेपाल दुवैतिर बाँडिएको छ ।

भारतसँग मात्र हैन, तिब्बततिर पनि नेपालको ‘शेयर्ड हिस्ट्री’ छ । आधुनिक राष्ट्रिय-राज्य बन्दा मनाङ, मुस्ताङ र अहिले अपर डोल्पा भनिने छार्का भोट तिब्बततिरबाट आएका हुन् । कैयौं हिमाली भूभाग त्यो बेला राज्यविहीन जस्तो थिए, जो पछि तिब्बत र नेपालतिर बाँडिए । नयाँ सिमाना लागे ।

अंशियारी इतिहास भएका आधुनिक राज्यहरू बीचमा इतिहासका कथा, पात्र र गौरवहरूको लडाइँ ‘फेक वार’ हो । यो जनतालाई अनावश्यक रूपमा भावनामा बगाएर सस्तो राजनीति गर्ने डेमागग् शैली हो । कि त कुनै खास प्राचीन वा मध्यकालीन राज्यको सम्पूर्ण भूभाग आधुनिक राष्ट्रिय-राज्य बन्दा एकैतिर पर्नुपर्‍यो । अन्यथा ‘अंशियारी-इतिहास’ लाई पीडाका रूपमा हैन, परस्पर सम्मान र साझेदारीका रूपमा स्वीकार गर्न सक्ने मानसिकता हुनुपर्‍यो ।

यदि दुवैतिर यस्तो मनोविज्ञान विकास गर्न सकिएन भने कहिल्यै कुनै हल नहुने समस्या बल्झिएर राज्यहरूको राष्ट्रिय जीवन बर्बाद हुन सक्दछ ।

नेपाल र भारत दुवैतिर यस्तो बोध र अनुभूतिको आवश्यकता छ । भारतले यो बुझ्न जरूरी छ कि एउटा सभ्यताभित्र एउटै आधुनिक राष्ट्रिय-राज्य हुन्छ भन्ने कुरा दक्षिणएशियामा मात्रै हैन, अरू महादेश र सभ्यतामा पनि पुष्टि छैन । यदि त्यसो हुन्थ्यो त इस्लामिक अरब जगतमा त्यति धेरै राज्य हुने थिएनन् न त युरोपेली इसाइ जगत नै दर्जनौं मुलुकमा बाँडिन्थ्यो ।

राज्यहरूको उदय र अन्त्यको आफ्नै कथा, संघर्ष, परिवेश र शक्ति सन्तुलन हुन्छ । भारतले तथाकथित ‘सांस्कृतिक अखण्ड भारत’ को अतिरञ्जित ‘युटोपिया’ छोड्नुपर्दछ । त्यसलाई बरु हामी नयाँ तरिकाले पुन:परिभाषित र सहकार्य गर्न सक्दछौं ।

प्राचीन जम्मुद्वीप वा भारत वर्षमा ‘अखण्ड भारत’ को साटो युरोपेली युनियन जस्तो एक ‘आर्थिक संघ’ बनाउने हो भने त्यसले छिमेकी बीचका अनावश्यक भय, भ्रम, आशंका, पूर्वाग्रह र मनोवैज्ञानिक दूरी हटाउनेछ । आर्थिक विकास र वृद्धिमा पनि सबैलाई फाइदै फाइदा हुनेछ ।

नेपाल र भारत दुवैतिर यतिखेर यो परामर्शलाई सघन बनाउन जरूरी छ कि हामी ‘सभ्यता-संघर्ष’ को भ्रमबाट मुक्त होऔं र ‘सभ्यता-सामञ्जस्य’को सिद्धान्त अपनाऔं । हामी ‘अंशियारी-इतिहास’ को वास्तविकतालाई बोध गर्न सक्ने बनौं । नक्कली राष्ट्रवाद र मिथकीय फेक युद्धले निम्त्याउन सक्ने हानि-नोक्सानीबाट बचौं । *साभार : अनलाइनखबर*

# ओलीले प्रचण्ड सचिवालयको ‘प्रेस नोट’ पढेपछि भाँडियो सहमति

काठमाडौं/प्रधानमन्त्रीले आफ्नो विवादास्पद अभिव्यक्तिबारे स्पष्टीकरण दिने र प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसदको अवरोध हटाउने सहमति भाँडिएको छ । त्यहीकारण आइतबार संसद बैठक समेत सूचना टाँसेर स्थगित गरिएको छ ।

संसद बैठकअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरेका थिए ।

१८ असारमा एक पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले ‘आफूलाई प्रधानमन्त्री बनाउन प्रितम सिंह धेरै पटक दिल्ली गएको’ भनेकोमा आपत्ति जनाउँदै एमालेले संसद अवरुद्ध गर्दै आएको छ । प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री आफ्नो अभिव्यक्ति सच्याउन तयार भएपछि एमाले अध्यक्ष ओली पनि राजीनामाको माग छाड्न सहमत भए ।

‘प्रधानमन्त्रीले आफूले दिएको एउटा अभिव्यक्ति विवादास्पद भएको उल्लेख गर्दै आत्मालोचना गर्ने बताउनुभयो’ एमालेका एक सांसद भन्छन्, ‘आत्मालोचना गर्न तयार हो भने ठीक छ भनेर हाम्रो अध्यक्षले पनि समर्थन जनाउनुभयो ।’

त्यसपछि नेताहरु छुट्टिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट बाहिरिने क्रममा पत्रकारहरुलाई ‘भरे हेर्नुहोला’ भन्दै एमाले अध्यक्ष संसदीय दलको कार्यालयमा पुगे । ओलीले ‘प्रधानमन्त्रीले आत्मालोचना गर्छु, माफी माग्छु भनेपछि त्यो सुन्ने कुरा भएको छ’ भन्दै संसदको अवरोध हटाउन निर्देशन दिए । लगत्तै एमाले प्रमुख सचेतक पदम गिरीले भनेका थिए, ‘प्रधानमन्त्रीले आत्मालोचना सहित संसदलाई आश्वस्त पार्नुभयो भने सदन खुल्छ ।’



संसद बैठकको समय भएपछि एमाले अध्यक्ष ओली संसद भवन, बानेश्वरतर्फ गए । एमाले सांसद सुनिता बराल पनि उनकै गाडीमा थिइन् । स्रोतका अनुसार बानेश्वर जाने क्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको गाडी ओलीको गाडीलाई उछिनेर अगाडि बढ्यो ।

त्यही क्रममा एमाले सांसद बरालले अध्यक्ष ओलीलाई उपप्रधानमन्त्री श्रेष्ठले २१ असारमा गरेको ट्वीटको प्रसंग सुनाइन् । श्रेष्ठले संसद अवरुद्ध हुँदा मिटरब्याज पीडितहरुको पक्षमा ल्याएको अध्यादेश रोकिएको भन्दै लेखेका थिए, ‘यसबाट को पीडित जनताको पक्षमा छ र को विपक्षमा छ भन्ने प्रष्ट भएको छ ।’

ओलीले यसबारे अनभिज्ञता प्रकट गरेपछि प्रधानमन्त्रीको निजी सचिवालयले जारी गरेको ‘प्रेस नोट’बारे कुरा भयो । ‘उहाँले त्यो शृंखला याद गर्नुभएको रहेनछ’ ओलीको निजी सचिवालयका एक अधिकारीले भने, ‘सुरुमा त उहाँले बोलेको मात्र होला, लेखेकै छ र भन्नुभयो । हामीले देखाएपछि आफैं पढ्नुभयो ।’

नयाँबानेश्वर पुगेपछि उनले प्रधानमन्त्री प्रचण्डलाई फोन गरे । उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठको ट्वीटसँगै प्रधानमन्त्रीको निजी सचिवालयको विज्ञप्तिप्रति असन्तुष्टि जनाए । एमालेमाथि गम्भीर आरोप लगाइएको भन्दै उनले आत्मालोचना गरेर यसलाई पनि फिर्ता लिनुपर्ने बताए । प्रधानमन्त्री प्रचण्डले भने निजी सचिवालयले निकालेको वक्तव्यबारे अनभिज्ञता प्रकट गरे ।

त्यसपछि ओलीले ‘नारायणकाजीको विषयमा कुरा पछि गरौंला । वक्तव्य तपाईंको सचिवालयबाट आएको हो । तपाईंलाई थाहै छैन भने निकाल्नेलाई कारबाही गर्नुस् नभए आरोप पुष्टि गर्नुस्’ भनेका थिए । प्रधानमन्त्रीले वक्तव्यको जिम्मा नलिएपछि ओलीले ‘संसद खोल्ने सहमति छैन है’ भन्दै फोन राखेका थिए ।

यससँगै संसदको अवरोध हटाउने सहमति उल्टियो । सभामुखले बोलाएको कार्यव्यवस्था परामर्श समितिको अनौपचारिक बैठकमा एमाले प्रमुख सचेतक पदम गिरीले प्रधानमन्त्रीको जवाफ सुनेपछि मात्र अवरोध हट्ने नहट्ने प्रष्ट हुने बताए ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले ‘उधारो सम्झौता’ नहुने जवाफ दिए । ‘शीर्ष नेताका बीचमा स्पष्टीकरण सुनेर सदनको अवरोध खुलाउने सहमति भएको हो । स्पष्टीकरण सुनेपछि पनि अवरोध गर्ने जस्तो उधारो कुरा गरेर हुँदैन’ उनले भने ।

माओवादी केन्द्र मुख्य सचेतक हितराज पाण्डेले शीर्ष तहमा भएको सहमति जे हो त्यही कार्यान्वयन गर्नुपर्ने बताए । ‘शीर्ष तहमा एउटा कुरा सदनमा अर्को कुरा गर्दा शीर्ष तहको छलफलको औचित्यमाथि नै प्रश्न उठ्छ’, उनले भने ।

तर एमालेले संसदको अवरोध हटाउने प्रष्ट जवाफ नदिएपछि प्रधानमन्त्री प्रचण्डले सभामुख देवराज घिमिरेलाई फोन गरेर ‘शीर्ष तहमा भएको सहमति कार्यान्वयनमा केही बुझाइ फरक पर्न गएको’, जानकारी गराएका थिए । जवाफमा सभामुख घिमिरेले ‘अवरोधका बीच सदन चलाउने आफ्नो चाहना नरहेको’ बताए । यही संवादका आधारमा सभामुखको निर्देशनमा आइतबार दिउँसो ३ बजेका लागि तय भएको प्रतिनिधि सभाको बैठक बस्दै नबसी सोमबार दिउँसो ३ बजेसम्मका लागि स्थगित भएको छ ।

बैठक स्थगित भएपछि संसद भवनबाट बाहिरिने क्रममा एमाले अध्यक्ष ओलीले एमालेप्रति लगाइएको आरोपहरु फिर्ता लिनुपर्ने आफूहरुको माग रहेको बताए ।

प्रधानमन्त्री प्रचण्डकै कारण संसद चल्न नसकेको भदै उनले भने, ‘उहाँ (प्रधानमन्त्री) ले हामीमाथि गम्भीर आरोप लगाउनुभएको छ । त्यो फिर्ता लिनुभएको छैन । त्यो गम्भीर आरोप कायम राखेर हामीले सहमति गर्ने कुरा भएन ।’

के थियो आरोप भन्ने पत्रकारहरुको प्रश्नमा ओलीले ‘२१ गतेको स्टेटमेन्ट पढ्न’ सुझाए ।

प्रधानमन्त्री प्रचण्डको राजीनामा माग गर्दै एमालेले संसद अवरुद्ध गरेपछि असार २१ गते प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले प्रेस नोट जारी गरेका थिए, जसमा प्रचण्डले सरदार प्रितम सिंहबारे दिएको अभिव्यक्तिलाई अपव्याख्या गरेर राजनीतिक अभीष्ट पूरा गर्न खोजिएको दाबी गरिएको छ ।

संसदमा प्रष्टीकरणको मौका समेत नदिई प्रधानमन्त्रीको भनाइको एकपक्षीय ढंगले प्रचार प्रसार गरिएको उल्लेख गर्दै प्रेस नोटमा लेखिएको छ, ‘‘प्रधानमन्त्रीको राजीनामा मागिनु भ्रष्टाचार र जनताका पक्षमा सञ्चालित अभियान रोक्ने मनसाय रहेको कुरा स्पष्ट नै छ ।’ एमालेले नियोजित रुपमा संसद अवरोध गर्दा मिटरब्याजीहरूलाई कारबाही गर्न ल्याइएको विधेयक संसदबाट पारित नभई निष्क्रिय भएको र मिटरब्याज पीडित किसानहरूको न्यायप्राप्तिको अपेक्षामा गम्भीर आघात पुगेको बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# बागमती प्रदेशमा मनसुन पूर्वतयारी तथा प्रतिकार्ययोजना तयार

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/यस वर्षको मनसुन सुरु भइसकेको छ । मनसुनका कारण विभिन्न जिल्लामा बाढीपहिरोले क्षति पुर्‍याउन सुरु गरिसकेको छ । यसैबीच बागमती प्रदेश सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्ययोजना पारित गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्री गंगानाराण श्रेष्ठको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले कार्ययोजना पारित गरेको हो । कार्यकारी समितिको बैठकले बागमती प्रदेशमा मनसुनको कारणले हुन सक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्न अपनाउन पर्ने सावधानी, पूर्वतयारी र उद्धारसम्वन्धी प्रतिकार्ययोजना निर्माण गरेकोछ । बैठकले बिभिन्न विषयगत क्षेत्रमा कार्य गर्नेगरी प्रदेश सरकारका विषयगत मन्त्रालय र गैरसरकारी संघसंस्थाका लागि विषयगत क्षेत्र तय गरी ति मन्त्रालयको कार्य जिम्मेवारी समेत तोकेको छ ।

मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश विपद् व्यवस्थापन परिषद्ले प्रदेशमा विपद्सँग सम्बन्धित पूर्वतयारीदेखि पुनर्लाभ कार्यका लागि प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाइ निर्देशन दिनेछ भने आन्तरिक मामिला तथा कानूनमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विभिन्न सरोकारवाला निकायसँग निरन्तर समन्वय गरी प्रतिकार्यका लागि चाहिने सामग्री साथै राहत सामग्रीको प्रवन्ध गर्ने, भण्डारण गर्ने र वितरण गर्ने काम गर्नेछ । त्यस्तै प्रदेश विपद् कोष संचालन समितिले प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिबाट निर्देशन भए बमोजिम आवश्यक रकम कोषबाट खर्च गर्नसक्ने छ ।

बैठकले सम्पूर्ण विषयगत मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरु र गैरसरकारी संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मन्त्री श्रेष्ठले निर्देशन दिए । मन्त्री श्रेष्ठले बागमती प्रदेश प्रहरी कार्यालयको लागि प्रहरी नायव महानिरीक्षक किरण राणालाई ड्रोन हस्तान्तरण गरे । बैठकमा मुख्यमन्त्री कार्यालयसहित सरोकारवाला मन्त्रालयका सचिवहरु, आन्तरिक मामिला मन्त्रालयका सचिव, नेपाल रेडक्रस, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रदेश प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# रानी वनलाई प्रदेशस्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले बागमती प्रदेश स्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार पाएको छ ।

बागमती प्रदेशभित्र १३ जिल्लामा रहेको सामुदायिक वन समूहमध्ये उत्कृष्ट हुँदै रानी वनले १ लाख पुरस्कार प्राप्त गरेको समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले जानकारी दिए । बागमती प्रदेश वन निर्देशनालय, हेटौंडाका सहायक वन अधिकृत गोविन्द अर्याल (अधिकृत आठौं) को अध्यक्षतामा असार २१ गते बसेको बैठकले रानी सामुदायिक वनलाई उत्कृष्ट सामुदायिक वनको पुरस्कार प्रदान गर्ने निर्णय गरेको थियो ।




वन समूहले वनको विकास, समूहको स्वीकृत विधान तथा कार्ययोजना बमोजिमका कामहरु सम्पन्न गरेको, संस्थागत विकास लगायतका कामहरु पारदर्शी ढंगबाट सम्पन्न गरेकाले पुरस्कार प्रदान गरेको वन निर्देशनालयले जनाएको छ । समयमै साधारणसभा, लेखा परीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, आयआर्जन, पर्यापर्यटन, प्रचारप्रसार, आर्थिक प्रतिवेदन लगायतका कामहरु समेत समूहले व्यवस्थित किसिमबाट राख्ने गरेको समेत निर्देशनालयले जनाएको छ । यसअघि समूहले सर्वमान्य गणेशमान सिंह वन संरक्षण पुरस्कार, वन संरक्षण युवा पुरस्कार, वनदेवी पुरस्कार र जिल्लास्तरीय पुरस्कार प्राप्त गरिसकेको रानी वनका उपाध्यक्ष केशव धितालले बताए ।

# यसरी नेपालमा कर तिर्न आए गुगल र फेसबुक

काठमाडौं/गत वर्षको १५ जेठमा आएको चालू आर्थिक वर्षको बजेटमा फेसबुक, युट्युब लगायतमा नेपालबाट गरेको विज्ञापन गर्दा कर लिने व्यवस्था गरियो । गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर असुल गरिने भन्ने व्यवस्था गरिएको थियो ।

आर्थिक ऐनमा डिजिटल सर्भिस ट्याक्स लगाउने व्यवस्था भएसँगै त्यसमा मूल्य अभिवृद्धि कर पनि लगाउन कानुन फेरियो । तर, विदशमा रहेका ती कम्पनीसँग नेपालमा कर लगाउन त्यति सजिलो भने थिएन । उनीहरुलाई नेपालमा कर तिराउन आन्तरिक राजस्व विभागले सुरुमा गरेको प्रयास पनि परिपक्व थिएन ।

विदेशी कम्पनीमा नेपालमा दर्ता हुन आउन भनेर आन्तरिक राजस्व विभागले बजेटलगत्तै नेपालीमा ३० दिने सूचना निकाल्यो । तर, विदेशी कम्पनीले नेपालीको सूचना बुझ्दैनथे । त्यही कुरा महसुस गरेर विभागले पुन: २३ असार २०७९ मा अंग्रेजीमा ३० दिनको सूचना निकालियो ।

त्यसअघि २१ असारमा विभागले विद्युतीय सेवामा लाग्ने मूल्य अभिवृद्धि करसम्बन्धी निर्देशिका बनाइएको थियो । त्यो पनि नेपालीमा थिए । तर, त्यसरी कम्पनीहरु दिएको म्यादभित्र सम्पर्कमा आएनन् । ‘त्यसपछि विभागले अंग्रेजीमै निर्देशिका बनायो, त्यसपछि गुगल, मेटालगायत कम्पनी आउन चाहे, तर आन्तरिक राजस्व विभागले उनीहरुलाई दर्ता गर्नका लागि सफ्टवेयर नै तयार गरेको थिएन,’ विभाग स्रोतले भन्यो । त्यसपछि आन्तरिक राजस्व विभाग सफ्टवेयर बनाउनतिर लाग्यो । विभागले कात्तिक-मंसिरतिर मात्रै ती कम्पनीलाई दर्ता हुने प्रणाली विकास गर्‍यो । तर, अन्तत: गत वैशाखमा गुगल र अर्को इबिस्को इन्टरनेसनल इन्कर्पोरेसन नेपालमा मूल्य अभिवृद्धि कर र डिजिटल सर्भिस ट्याक्स तिर्ने गरी आन्तरिक राजस्व विभागको प्रणालीमा दर्ता भए ।

यसरी नेपालको कर प्रणालीमा सूचना प्रविधिको क्षेत्रमा केन्द्रित अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कम्पनीहरुको प्रवेश सुरु भएको हो । सरकारले चालु आर्थिक वर्ष २०७९/८० बाट डिजिटल सर्भिस ट्याक्स (विद्युतीय सेवा कर) सुरु गरेको हो । आन्तरिक राजस्व विभागले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि र सो सेवामा मूल्य अभिवृद्धि करसम्बन्धी कार्यविधि निर्माण गरी १ साउन २०७९ बाट कार्यान्वयनमा ल्याएको थियो । यसै प्रावधानमा आधारित रही केही चर्चित र ठूला आईटी कम्पनीहरु नेपालको कर प्रणालीमा आवद्ध भइसकेको ठूला करदाता कार्यालयका प्रमुख राजेश्वर ज्ञवालीले जानकारी दिए ।

अहिलेसम्म आधा दर्जन कम्पनी नेपालमा दर्ता भई करको दायरामा आएका छन् । यसले आगामी दिनमा अन्य कम्पनीहरुलाई पनि करको दायरामा समेटिएर औपचारिक रुपमा व्यापार गर्न सहज वातावरण बनेको उनले बताए ।

‘नेपालका लागि नियामकीय निकायमा पनि सिकाइ थियो, ती कम्पनीहरुलाई पनि सिकाइ थियो,’ उनले भने, ‘अब कार्यविधि अनुसार कम्पनीहरु दर्ता प्रक्रियामा आएका छन्, यसले भविष्यमा राम्रो गर्छ ।’ कार्यालयका अनुसार गुगल, फेसबुक र माइक्रोसफ्टसहित ६ वटा ठूला कम्पनीहरु नेपालको कर प्रणालीमा आबद्ध भएका छन् । कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय स्थापना गरी सञ्चालनमा रहेका गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्कडइन सिङ्गापुर प्राइभेट लिमिटेड नेपालको कर प्रणालीमा आबद्ध भएका हुन् । संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगानामा एनसीएस पिअर्सन इन्कर्पोरेसन र वेल्मिङ्टन काउन्टी अफ न्यूक्यासल ठेगानामा इबिस्को इन्टरनेसनल इन्कर्पोरेटेड पनि नेपालको कर प्रणालीमा दर्ता भएको छ । डब्लिन आयरल्यान्डको ठेगानामा मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड समेत नेपालमा दर्ता भएको छ ।

**कति छ करको दर ?**

आन्तरिक राजस्व विभागले निर्माण गरेको कार्यविधि अनुसार नेपालको कर प्रणालीमा दर्ता भएका कम्पनीले विद्युतीय माध्यमबाट गरेको सेवाको कारोबारमा २ प्रतिशतका दरले कर तिर्नपर्छ । यसमा पनि नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको वार्षिक २० लाख रुपैयाँसम्मको कारोबारमा कर लाग्दैन । सो भन्दा बढी रकमको कारोबार भएमा सबै कारोबारमा कर लाग्ने कार्यविधिमा उल्लेख छ । यो कर प्रत्यक्ष कर भएकाले सेवाको मूल्यमा करको रकम जोडेर असुल गर्न पाइँदैन ।

वार्षिक २० लाख रुपैयाँ भन्दा कम कारोबार गर्ने व्यक्ति/कम्पनीले आयकर तिर्नुपर्नेछ भने विद्युतीय सेवा कर तिर्नेले आयकर तिर्नु पर्ने छैन । नेपालमा स्थायी लेखा नम्बर लिने/नलिने सबैले यस्तो करको दायरामा आउनु पर्ने कार्यविधिमा उल्लेख छ । करको भुक्तानी आय वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिसक्नु पर्ने भएको छ । तोकिएको समय भित्र रकम दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने कार्यविधिमा उल्लेख छ ।

नीति अनुसार अब फेसबुक, टिकटक, ट्वीटर, गुगल, युट्यूव, अनलाइन व्यापारसहितका सेवाहरु करको दायरामा समेट्ने लक्ष्य सरकारले लिएको थियो । अहिले धेरैजसो कम्पनीले नेपालमा कार्यालय नै स्थापना नगरी विद्युतीय सेवा चलाइरहेका छन् । यो नीतिपछि उनीहरुलाई नेपालमै औपचारिक च्यानलमा आकर्षित गर्न बाटो खुलेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कांग्रेस बागमती संगठन विभाग प्रमुखमा माइकल

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/नेपाली कांग्रेस बागमती प्रदेश समिति संगठन विभाग प्रमुखमा रामचन्द्र अर्याल (माइकल) मनोनित भएका छन् । आइतबार कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले माइकललाई संगठन विभाग प्रमुखमा मनोनित गरेको हुन् ।

नेपालीका कांग्रेसको विधानको दफा १३ को उपदफा ६(झ) बमोजिम माइकल संगठन विभाग प्रमुखमा मनोनित भएका हुन् । काँग्रेस मकवानपुरका पूर्वसभापति माइकल कांग्रेस महासमिति सदस्यसमेत हुन् । त्यसैगरी, सभापति बानियाँले कांग्रेस बागमतीको कार्यसमिति सदस्यमा प्रदीप कोइरालालाई मनोनित गरेका छन् । कांग्रेस मकवानपुरका निवर्तमान प्रवक्तासमेत रहेका उनलाई कांग्रेसको विधानको दफा १३ को उपदफा १०(झ) बमोजिम सदस्यमा मनोनित गरिएको हो ।



सूचना ! सूचना !! सूचना !!!

हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

प्रो. हिरालाल श्रेष्ठ
**देउराली फर्मा**
हेटौंडा उ.म.न.पा.-३ बसमाडी
सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

“तपाईं, हामी सबैको कुरा”

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# थाहानगरमा औद्योगिक ग्राम निर्माण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ मकवानपुरको थाहा नगरपालिकाले त्रिभुवनराजपथस्थित नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापना गर्ने तयारी गरेको छ । नगरपालिको औद्योगिक ग्राम स्थापनाको लागि प्रारम्भिक काम गरी बृस्तृत परियोजना पस्ताव (डीपीआर) तयार गर्न लागेको हो । आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा समाबेस गरी थाहा-११ नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाब्यता अध्ययन गर्न लागेको थाहा नगरपालिकाले जानकारी दिएको छ ।

स्थानीय कच्चापदार्थको उपयोग गर्ने खालका औद्योगिक प्रतिष्ठान स्थापना गर्नका लागि सम्भाब्यता अध्ययन भइरहेको बताइएको छ । मनकामना मन्दिरको आसपासमा रहेको करिब उक सय रोपनी जमिनमा औद्योगिक ग्राम स्थापनाको लागि प्राबिधिक अध्ययन गर्ने तयारी भइरहेको नगरप्रमुख बिष्णु बिष्टले बताए । हामीले जमिन हेरेर स्थानीयको रायसल्लाह लिएका छौं-नगरप्रमुख बिष्टले भने । कच्ची सडक पुगेको भएपनि त्यसलाई स्तरीकरण गर्ने, पानी, विद्युत, टेलिफोन जस्ता पूर्वाधार उपलब्ध गराउने बिषयमा अध्ययन भइरहेको छ ।

थाहानगरले नीति तथा कार्यक्रममा कृषि उत्पादन तथा पशुपालन, पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारका क्षेत्र समेटिएको छ । नगरपालिकाले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । बाँझो जग्गा उत्पादनमा प्रयोग गर्न गरिने, उन्नत जातका बीउविजन तथा मल व्यबस्था गरिने, आधुनिक औजारको प्रयोगमा जोड दिइने र कृषि अनुदान बितरण गरिने जस्ता विषय प्राथमिकतामा छन् ।

उत्पादित तरकारी तथा खाद्यान्नको बजार व्यबस्थापनमा जोड दिइने थाहा नगरपालिकाले जनाएको छ । नगरसभाबाट आगामी आवको बजेट पास भइसको छ । शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा उच्च प्राथमिकतासाथ काम गरिने भएको छ । पालिकाहरुले दिएको प्राथमिकता अनुसार काम हुने हो भने किसानले राहत पाउनेछन् । फेरि पनि कार्यकर्ताको अनुहार हेरेर रकम बाँड्ने काम गरियो भने त्यसको परिणाम राम्रो हुनेछैन ।

थाहानगरमा छरिएर रहेको पुँजीलाई सहकारीको माध्यमबाट एकत्रित गरी सहकारी र नगर पालिकाको साझेदारीमा विभिन्न सीपमूलक र आयआर्जनका कार्यक्रम संचालन गर्ने याजना नगरपालिकाले अघि सारेको छ । सीपमूलक तालिम संचालन गरी घरेलु तथा साना उद्योग संचालन गर्न चाहने व्यक्ति वा फर्मलाई अनुदान र मेशिन उपलब्ध गराउने व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको नगरप्रमुख बिष्टले बताए ।

बैदेशिक रोजगारीबाट फर्केका युवालाई स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक प्रतिष्ठान स्थापना गर्न तालिम, सहजीकरण गर्न आफूहरुले बारम्बार आग्रह गरेको थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कबिराज खत्रीले बताए । स्थानीय सरकारले उद्याग वाणिज्य संघको कुरामा खासै चासो नदेखाएको गुनासो अध्यक्ष खत्रीको छ । हामीले बारम्बार भनिरहेका छौं तर, सुनुवाइ नै भएको छैन-अध्यक्ष खत्रीले गुनासो पोखे ।

निजी क्षेत्रसँग साझेदारी गरेर अगाडि बढ्दा स्थानीय सरकारको सफलता मिल्ने भएपनि स्थानीय सरकार एकलौटी रुपमा अगाडि बढेको भन्दै खत्रीले रोष प्रकट गरे । रोजगार सृजना गरी नगरभित्रै पुँजी परिचालन गर्ने र स्वरोजगार कार्यक्रमबाट उत्पादित वस्तुलाई बिक्री वितरणको लागि बजारको खोजी नगरपालिकाले नै गर्नेछ । आगामी आर्थिक वर्षमा ढुङ्गा, गिट्टी, बालुवाको प्रशोधन तथा व्यावसायिक संभाव्यता अध्यन गरी त्यस्ता प्राकृतिक स्रोत परिचालन हुने उद्योगको कार्यविधि बनाई लागू गर्ने र उद्योग दर्ता गरी संचालनमा ल्याउने व्यवस्था मिलाइने बताइएको छ ।

कृषिउपज बेचविबखनलाई सहकारीको माध्यमबाट बजार व्यवस्थापन कार्यक्रम विस्तार गरिने भएको छ । थाहा नगरपालिका कृषि तथा पर्यापर्यटन क्षेत्रमा प्रख्यात भएको हुँदा कृषि र पर्यटन उद्योग संचलन गर्न अनुदान दिने व्यवस्था गरिने छ । यसका लागि ऋणकोष स्थापना गरिने नगरप्रमुख बिष्टले जानकारी दिए ।

स्थानीय घरेलु उद्योगलाई प्रोत्साहन गरी बिक्री कम हुने समयका तरकारीलाई सुख्खा बनाई स्वरुप परिवर्तन गरेर पुन:उपभोग गर्न मिल्ने गरी बिक्री गर्ने व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आगामी आर्थिक वर्षमा नमुना उत्पादन गर्न थाहानगरका सहकारीलाई प्राथमिकता दिई साना ड्रायर मेशिनको लागि ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था मिलाइने बताइएको छ ।

# क्षतिपूर्ति माग्दै सडकमा उत्रिए व्यवसायी

साझाकुरा संवाददाता



हेटौंडा, २४ असार/ उद्योगी, व्यवसायी र व्यापारीहरुको छाता संगठन मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा आइतबार हेटौंडामा विरोध प्रदर्शन निस्किएको छ ।

सडक डिभिजन कार्यालयले हेटौंडाको मुख्य बजार क्षेत्रको सडक दायाँबायाँ २५-२५ मिटर भत्काउने बारेको सूचना प्रकाशित गरेपछि मुआब्जा र उचित क्षतिपूर्ति माग्दै घरधनी र व्यवसायीहरु आन्दोलित बनेका छन् । घरधनी र व्यवसायीले हेटौंडा उपमहानगरपालिका कार्यालय र सडक डिभिजन कार्यालय घेराउ गर्दै विरोध प्रदर्शन गरेका थिए । ऱ्यालीसहित हेटौंडा उपमहानगर पालिका र सडक डिभिजन कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाउँदै सर्वोच्च अदालतको फैसलाको समेत अपव्याख्या गरेर सडक विस्तार गर्न लागिएको प्रति आपत्ति जनाइएको छ ।

सडक डिभिजन कार्यालयले पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडाको रातोमाटेदेखि राप्ती पुलसम्मको भागलाई सडकको दायाँबायाँ २५-२५ मिटर भत्काउने भनेपछि यहाँका घरधनी, उद्योगी व्यवसायी आन्दोलनमा उत्रिएका हुन् । हेटौंडा उपमहानगरपालिका कार्यपालिका बैठकमा सडक विस्तारका लागि आवश्यक समन्वय गरी विस्तार गरिने सर्वसम्मत निर्णय गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालयमा केही दिनअघि भएको सर्वदलीय बैठकमा सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश यादवले सूचना प्रकाशित भएको ३६ औं दिनमा जुनसुकै स्थानबाट पनि भत्काउन सक्छौं भन्नु र हेटौंडाकी मेयर मीनाकुमारी लामा र उपमेयर राजेश बानियाँले सडक विस्तारमा साथ दिने प्रतिबद्धता जनाएपछि घर धनी र व्यवसायीहरु सूचनाको म्याद सकिनु अगावै सडकमा उत्रिएका हुन् । विरोध प्रदर्शनमा व्यवसायीले मेयर लामाको राजीनामासमेत मागेका थिए ।

# हेटौंडामा चितवनका किसान आन्दोलित




साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ दोहोरो अनुदान पाएका किसानलाई दुधको अनुदान रोकेपछि हेटौंडामा आइतबार चितवनका किसान आन्दोलित भएका छन् ।

चितवनबाट आएका किसानले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय घेराउ गरेका हुन् । प्रदेश सरकारले दोहोरो अनुदान हुने भन्दै दुधमा दिँदै आएको अनुदान रोकेपछि किसानहरु विरोधमा उत्रिएका हुन् । चितवनको राप्ती, खैरहनी र माडी नगरपालिका क्षेत्रका किसानलाई स्थानीय तहबाट पनि अनुदान प्राप्त भएको भन्दै प्रदेशको प्रतिलिटर दुधको अनुदान रोकेपछि किसानहरुले प्रदेशको मन्त्रालय घेरेका हुन् ।

व्यापारीले भारतबाट दुध ल्याएपछि केही दिनयता चितवनको दुधले बजार नपाएको किसान किशोर बगालेले बताए । पशु बीमाको रकम समेत किसानले नपाएको बगालेको गुनासो छ । पीडित किसानले कृषिमन्त्रीको राजीनामा मागेका छन् । चितवनमा मात्रै ६० वटा संस्थामा आवद्ध किसान मर्कामा परेको भन्दै किसानले यसअघि पनि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा गुनासोपत्र पेस गरेका थिए । मुख्यमन्त्रीसहितलाई ध्यानाकर्षण गराइएको विषय सुनुवाई नभएको उनीहरुको भनाई छ ।

किसानहरुले 'ज्यानमारा सरकार मुर्दाबाद, कृषिमन्त्री राजीनामा दे' भन्दै राजीनामा मागेका थिए । मन्त्रालयका धर्ना कसेका किसानसँग मन्त्रालयले सहमति गरेको छ । मन्त्रालयका सचिव शरणकुमार पाण्डेको उपस्थितिमा किसानहरुको मागलाई आगामी बजेटमा समावेशका लागि प्रयास गर्ने सहमति भएको जनाइएको छ । दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था अनुसार बजेट काटिएको मन्त्रालयले जानकारी दिएको थियो ।

प्रावधान र व्यवस्था अनुसार दोहोरोपन भएकोले कार्यविधिले दुग्ध सहकारी संस्थाले अनुदान पाउनबाट वञ्चित भएको सन्दर्भमा आगामी दिनमा अनुदानबाट बञ्चितमा परेका सहकारी संस्थालाई बजेटबाट सम्बोधन गर्न मन्त्री राजेन्द्रमान श्रेष्ठको नेतृत्वका सम्बन्धित निकायसँग समन्वय गरिने सहमति भएको सचिव पाण्डेले बताए । चितवनको राप्ती, खैरहनी र माडी नगरपालिकामा स्थानीय सरकारले पनि अनुदान दिएको प्रदेश सरकारले पनि दिँदा दोहोरो भएको भन्दै अनुदान काटिएको हो ।

# वंशगोपालका विद्यार्थीलाई पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ हेटौंडा-६ चौघडामा रहेको बंशगोपाल माविले २०७९ सालको एसइइ परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई आइतवार विद्यालयमा आयोजित कार्यक्रममा सम्मान तथा पुरस्कार प्रदान गरेको छ । ए प्लस जिपिए ल्याउने विद्यार्थीलाई नगद १० हजार र ए ल्याउनेलाई ५ हजार सहित सम्मान गरिएको थियो ।

परीक्षामा सहभागी ६५ जना विद्यार्थीमध्ये ए प्लस ल्याउने ५ जना ए ल्याउने ८ जना बी प्लस ल्याउने १२ जना बी ल्याउने १५ जना सी ल्याउने १६ जना र सी प्लस ल्याउने ९ जना रहेको विद्यालयले जनाएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्राचार्य रमेशप्रसाद लामिछानेले सबैको प्रयासबाट राम्रो नतीजा आएको बताए ।

कार्यक्रममा वडासदस्य विजय पौडेल, लेखराज ढकाल, सरिता सापकोटा, शिक्षक अभिभावक संघका अध्यक्ष रमेश कार्की, शिक्षक शिक्षिका, विद्यार्थी, अभिभावक, सञ्चार कर्मीलगायतको सहभागिता रहेको थियो । विद्यालयले ईतिहासमै राम्रो नजिता ल्याउन सफल भएको खुशीयालीमा चौघडा, रक्षादेवी टोल, पुतली बजार परिक्रमा गरिएको थियो । विद्यालयमा हाल १ हजार विद्यार्थी अध्ययनरत छन् ।

# थाहानगरको वित्तीय प्रगति ८० प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ मकवानपुरको १० स्थानीय तहमध्ये थाहा नगरपालिकाले आर्थिक वर्ष २०७९/८० को आनो वित्तीय प्रगति सार्वजनिक गरेको छ । नगर पालिकाले चालु आर्थिक वर्षमा ८० दशमलव ५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको हो । यो प्रगति गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १ दशमलव ७९ प्रतिशत बढी हो ।

थाहानगरले चालू आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित १ अर्ब १९ करोड २६ लाख ११ हजार ८६२ मध्ये ९४ करोड ६७ लाख ३८ हजार ८ सय ५६ रुपैयाँ खर्च भएको थाहा नगर पालिकाका लेखाअधिकृत हरिबहादुर खपाङ्गी मगरले जानकारी दिए । विनियोजित बजेटमध्ये चालुतर्फ ४७ करोड १० लाख ९४ हजार २७२ रुपैयाँ ३१ पैसा अर्थात ९०.२८ प्रतिशत र पुँजीगततर्फ ४७ करोड ५६ लाख ४४ हजार ५८४ रुपैयाँ ६३ पैसा अर्थात ७०.९ प्रतिशत वित्तीय प्रगति भएको छ ।




असारको अन्तिम साताअघि भुक्तानीको चाप बढ्ने भएकाले कार्ययोजनासहित भूक्तानी प्रक्रिया अघि बढाइएकोले सफलता हासिल भएको लेखाअधिकृत खपाङ्गीले प्रतिक्रिया दिए । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधानलाई थाहानगरले अक्षरस: अपनाएको छ ।

पालिकाले आफू मातहतका महाशाखा, शाखा र वडा कार्यालयलाई १५ असारको म्याद दिएर भूक्तानी प्रक्रिया अघि बढाएको थियो । 'कानूनलाई कार्यान्वयन गर्न पालिकाले डेटलाइन बनाएर काम गर्दा भूक्तानीको चापलाई घटायौं'- प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले भने-'सेड्युल बनाएर काम नगरे अन्तिममा कागजात चेकजाँच र अनुगमनलाई प्रभावकारी बनाउनै सकिन्न ।'

२४ असार अपरान्ह ४ बजे नगरपालिकाले प्रमुख प्रशाकीय अधिकृत गिरी र लेखाअधिकृत खपाङ्गीद्वारा जारी सूचनामा चालु आर्थिक वर्षको खाता बन्द भएको उल्लेख छ ।

सूचनामार्फत चालु आर्थिक वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयनमा सहयोग पुऱ्याउने निर्वाचित जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला सबैलाई धन्यवाद दिइएको छ । थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा ७८.८ प्रतिशत वित्तीय प्रगति गरेको थियो । पालिकाको चालुतर्फ ८८.६४ र पुँजीगततर्फ ६९.४८ प्रतिशत वित्तीय प्रगति भएको थियो ।

नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा कुल १ अर्ब ३ करोड ६० लाख ८५ हजार ६०८ रुपैयाँ वार्षिक बजेट रहेकोमा कुल ८१ करोड ६५ लाख १ हजार ७७७ रुपैयाँ खर्च गरेको थियो । अघिल्लो आर्थिक वर्षमा थाहा नगरपालिकाले संघ, प्रदेश र स्थानीयको विभिन्न स्रोतहरुबाट गरी चालुतर्फ ५० करोड ४२ लाख ७९ हजार ६०८ रुपैयाँ विनियोजन गरेकोमा ४४ करोड ६९ लाख ९८ हजार ९५० रुपैयाँ खर्च गरेको छ । त्यस्तै पुँजीगतर्फ ५३ करोड १८ लाख ६ हजार विनियोजन भएकोमा ३६ करोड ९५ लाख २ हजार ८२७ रुपैयाँ खर्च गरेको छ ।

# तलब बृद्धिको माग गर्दै मजदुरको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) बागमती प्रदेश कमिटी र हेटौंडा उपमहानगर कमिटीले श्रम रोजगार कार्यालय हेटौंडामा ज्ञापनपत्र बुझाएको छ ।

नेपाल ट्रेड युनियन महासंघ बागमती प्रदेश अध्यक्ष रामहरि नेपालको नेतृत्वमा श्रम रोजगार कार्यालय हेटौडाका कार्यालय प्रमुख छन्दनारायण श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका हुन् । जिफन्ट बागमती प्रदेश कमिटी अध्यक्ष नेपालको नेतृत्वमा हाम्रो अधिकार खोसिदै छ जीवन धान्न सक्ने पारिश्रमिक निर्धारण गर भन्ने नारा लगाउँदै शान्तिपूर्ण जुलुससहित श्रम तथा रोजगार कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाएको हो ।

अध्यक्ष नेपालले प्रत्येक दुईवर्षमा श्रमजीवी मजदुरको पारिश्रमिक पुनरावलोकन हुनुपर्ने नीति अनुसार यो आर्थिक वर्षमा श्रमिकको पारिश्रमिक बर्तमान सरकाले मजदुरको हितबिपरित निर्णय गर्न खोजेकोले देशभरका श्रम कार्यालय र सम्बन्धित मन्त्रालयमा ज्ञापनपत्र बुझाइने कार्यतालिका अनुसार श्रम कार्यालय हेटौंडामा पनि ज्ञापनपत्र बुझाएको बताए ।

उनले २०७४ को संविधानले दिएको अधिकार अनुसार सरकार कार्यान्वयन गर्न अग्रसर नदेखिएपछि ज्ञापनपत्र बुझाउन परेको उल्लेख गरे । श्रमिकले अहिले खाइपाई आएको तलबले न गतिलो उपचार गराउन पुग्छ न राम्रो शिक्षा लिन पुग्छ भन्दै हाम्रो मागलाई वर्तमान सरकारले बेवास्ता गरे अन्य चरणबद्ध आन्दोलन गरिने जानकारी गराए ।


नेपाल ट्रेड युनियन हेटौंडा उपमहानगरपालिका कमिटी अध्यक्ष शम्भु लामाले मजदुरको स्मस्यामाथी खेलवाड गरे चुप नबस्ने भन्दै केन्द्रीय सर्कुलरअनुसार ज्ञापनपत्र बुझाउन आएको जानकारी गराए । उनले ज्ञापनपत्रले समग्र मजदुरको पक्षमा सरकारले निर्णय गर्ने विश्वास व्यक्त गरे ।

# थानाभ्याङबाट एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ हेटौंडा उपमहानगरपालिका-११, थानाभ्याङबाट लागुऔषध गाँजासहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सर्लाही, कौडेना गाउँपालिका-१ बस्ने अन्दाजी ३५ वर्षीय कौशल साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको विशेष टोलीले पैदल हिडिरहेका कौशललाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ५ किलोग्राम लागुऔषध गाँजा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उनलाई लागुऔषध गाँजा सहित नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

## मकवानपुर क्रिकेट संघको
## सदस्यता नवीकरण तथा नयाँ सदस्यता आह्वान सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८०।०३।२५*

नेपाल क्रिकेट संघको पत्रानुसार यस मकवानपुर क्रिकेट संघमा आवद्ध साधारण सदस्यहरुलाई सदस्यता नवीकरण गर्न तथा नयाँ सदस्यता लिन चाहने व्यक्ति तथा क्लबहरुले नेपाल क्रिकेट संघको विधान २०५५ परिच्छेद ९ को धारा २३ (चौथो संशोधन २०८०) बमोजिम योग्यता पुगेका खेलाडी, क्लब, पदाधिकारी, प्रशिक्षक, स्कोरर तथा एम्पायरहरुलाई नयाँ सदस्यता खुला गरिएको हुँदा यो सूचना प्रकाशित भएको १२ दिनभित्र मकवानपुर क्रिकेट संघको कार्यालयमा आई नवीकरण तथा नयाँ सदस्यता दर्ता गर्न अनुरोध गर्नछौं ।

**सम्पर्क :** बासुलाल श्रेष्ठ : ९८५००२७७०४४
विनोद कुमार बानियाँ : ९८४५०२८११, धिरज श्रेष्ठ : ९८४५०२७६४०


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakur